# अरुण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः १५ मितिः २०८१/०८/१६

भाग-२

अरुण गाउँपालिका

# अरुण गाउँपालिका, भोजपुरको कर्मचारीहरुको तह वृद्धि तथा तह मिलान सम्बन्धी कार्यविधि, २०८१

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०८।१२)

आज्ञाले

अग्नी प्रसाद पराजुली

प्रमुख प्रशासकीय अधिकृत

# अरुण गाउँपालिका, भोजपुरको
# कर्मचारीहरुको तह वृद्धि तथा तह मिलान सम्बन्धी कार्यविधि, २०८१

*गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०८।१२*

## प्रस्तावना

कोशी प्रदेश सरकारबाट जारी भएको "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी अरुण गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कर्मचारीहरुको तह वृद्धि तथा तह मिलान सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"ऐन"** भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

(ख) **"कर्मचारी"** भन्नाले अरुण गाउँपालिका अन्तर्गतको सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ। सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम अरुण गाउँपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई अरुण गाउँपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ।

(ग) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले अरुण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ङ) **"गाउँ कार्यपालिका"** भन्नाले अरुण गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

३. **सूचना प्रकाशन गर्नेः** (१) यो कार्यविधि बमोजिम अरुण गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि कार्यालयले प्रत्येक वर्षको जेठ महिना र मंसिर महिनामा सम्भाव्य उम्मेदवारहरुका लागि ३० दिनको म्याद दिई दरखास्त आव्हानको सूचना प्रकाशन गर्नेछ।

तर यो कार्यविधि स्वीकृत भए पश्चात् एक पटकको लागि माघ महिनामा हुने तह वृद्धि प्रयोजनका लागि १५ दिनको सूचना प्रकाशन गर्न सकिनेछ। यसरी सूचना

प्रकाशन गरी प्राप्त हुने निवेदनहरुको छानबिन गरी तह वृद्धि हुने देखिएमा ऐनको दफा २७ बमोजिम तह वृद्धि गर्न बाधा पर्ने छैन।

२. उपदफा (१) बमोजिम दरखास्त दिँदा अनुसूची १ बमोजिमको ढाँचामा दिनुपर्नेछ।

३. उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पाटीमा प्रकाशन गर्नुका साथै गाउँपालिकाको वेवसाइटमा समेत प्रकाशन गरिनेछ।

**४. तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक चौथो, पाँचौ, सातौँ र नवौँ तहको समान पदमा समायोजन भई ऐन जारी हुँदाका दिन सम्ममा तीन वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई एक पटकका लागि तीन वर्ष सेवा अवधि पुगेको मितिदेखि जेष्ठता कायम हुने गरी क्रमशः पाँचौ, छैटौँ, आठौँ र दशौँ तहमा स्वतः तह वृद्धि गरिनेछ।

२. उपदफा (१) बमोजिम तह वृद्धिको लागि सात दिनको समय दिई गाउँपालिकाको सूचना पाटी तथा गाउँपालिकाको वेवसाइटमा सूचना प्रकाशन गरिनेछ। तह वृद्धिको लागि योग्य उम्मेदवारले अनुसूची १ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी तोकिएको म्यादभित्र गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ।

क) स्थायी नियुक्ति पत्रको प्रतिलिपि,
ख) हालको पदमा बढुवा वा स्तरवृद्धि भएको भए सोको प्रतिलिपि,
ग) समायोजन भएको पत्रको प्रतिलिपि,
घ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
ङ) यस गाउँपालिकामा स्थायी दरबन्दी भई अन्यत्र कामकाज गर्न खटिएका कर्मचारीले आफू कार्यरत रहेको कार्यालयमा नियमित रुपमा कामकाज गरिरहेको प्रमाण पेश गर्नु पर्नेछ।

३. उपदफा (२) बमोजिम तह वृद्धिको आवेदन प्राप्त भएपछि सूचनाको म्याद समाप्त भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय गरी तह वृद्धिको पत्र दिइनेछ।

४. यस दफा बमोजिम तह वृद्धि हुने पद स्वतः सृजना हुनेछ। यसरी स्वतः सृजना भई तह वृद्धि भएको पदमा सो कर्मचारी कुनै कारणले बहाल नरहेमा सो पद स्वतः खारेज हुनेछ।

५. **ज्येष्ठता कायमः** (१) ऐनको दफा २७(३) बमोजिमको प्रक्रिया गर्दा तह वृद्धि हुने कर्मचारीको ज्येष्ठता गणना प्रत्येक आर्थिक वर्षको साउन १ र माघ १ गतेबाट कायम हुनेछ।

२. तह मिलान हुने कर्मचारीको लागि ऐनको दफा २६(३) बमोजिम नियुक्ति मितिदेखि नै गणना हुनेछ।

६. **निवेदन दिनुपर्नेः** दफा (३) बमोजिम तह वृद्धिको लागि ऐन तथा यस कार्यविधि बमोजिम तह वृद्धि हुन ऐनको दफा २७ को उपदफा (१) बमोजिम योग्यता पूरा गरेका स्थायी कर्मचारीले दफा ४ मा तोकिएको म्यादभित्र गाउँ कार्यपालिकाको कार्यालयमा तह वृद्धिका लागि निवेदन दिनुपर्नेछ।

७. **सिफारिस समितिः** (१) ऐनको दफा ४(५), दफा ८(१६) र दफा २७(१) बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तह वृद्धि गर्न दफा २७(४) अनुरुपको सिफारिस समिति रहनेछ।

२. सिफारिस समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ।

३. सिफारिस समितिको बैठकको कार्यविधि आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

८. यस कार्यविधि अनुरुप तह वृद्धि भएका कर्मचारीलाई अनुसूची २ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिइनेछ।

९. **निवेदन शुल्कः** प्रचलित कानून प्रतिकूल नहुने गरी सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **तह वृद्धि गर्न नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ७ को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैनः-

क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर

घ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

ङ) स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

११. **तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधा**ः यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलबभन्दा घटी हुने भएमा खाईपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

१२. **जानकारी दिनुपर्ने**ः यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१३. **उजुरी, गुनासो र पुनरावेदन:** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा प्रदेश लोक सेवा आयोगमा निर्णय भएको मितिले २१ दिनभित्र उजुरी, गुनासो वा पुनरावेदन गर्न सकिनेछ।

१४. **कामकाजमा खटिएका कर्मचारीको तह वृद्धि सम्बन्धी व्यवस्था:-** कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ।

१५. **तह मिलान सम्बन्धी व्यवस्था**ः संघीय लोक सेवा वा प्रदेश लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैटौँ तहको पदमा सिफारिस भई नियुक्ति भईसकेका कर्मचारीलाई ऐनको दफा ८ को उपदफा (१७) बमोजिम अख्तियारवालाले स्वतः सातौँ तहमा तह मिलान गरिदिनेछ। यसरी सातौँ तह मिलान गर्दा स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमा कायम रहेको छैटौँ तहको पद समेत सातौँ तह कायम गरी गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ।

१६. **बाधा अड्काउ फुकाउ** : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

१७. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

●●●

## अनुसुची १
## कार्यविधिको दफा ४ को उपदफा २ तथा दफा १५ सँग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
अरुण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

विषयः तह वृद्धि/मिलान गरिपाऊँ ।

प्रस्तुत विषयमा यस अरुण गाउँपालिकाको तह वृद्धि/तह मिलान सम्बन्धी मिति...............मा प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

तपसिल
१. स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
२. समायोजन पत्रको प्रतिलिपि ।
३. बढुवा/स्तर वृद्धि/तहवृद्धि भएको पत्रको प्रतिलिपि ।
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

| **हाल कार्यरत पद** | **तह वृद्धि/मिलान हुने पद** |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवा |
| समुहः | समुहः |
| तहः | तहः |
| कार्यालयः | कार्यालयः |

माथि उल्लिखित बेहोरा ठिक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**
नामः ....................
दस्तखतः ...................
कर्मचारी संकेत नं ..................

# अनुसुची २
## कार्यविधिको दफा ८ सँग सम्बन्धित

विषयः तह वृद्धि गरिएको सम्बन्धमा

तपाईँलाई यस गाउँ कार्यपालिकाको कार्यालयको मिति...............................को निर्णयानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को....................... बमोजिम मिति................ देखि जेष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह वृद्धि गरिएको छ। तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु।

तपसिल

| **हाल कार्यरत पद** | **तह वृद्धि हुने पद** |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| तहः | तहः |
| कार्यालयः | कार्यालयः |

श्री......................................

कर्मचारी संकेत नं. .....................

.....................................

**बोधार्थ**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौँ।

श्री लोकसेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौँ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालत, कोशी प्रदेश बिराटनगर मोरङ ।

श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ।

श्री प्रदेश किताबखाना, विराटनगर, मोरङ।

श्री नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाडौँ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी।

श्री कर्मचारी संचयकोष, बिराटनगर, मोरङ।

श्री आर्थिक प्रशासन शाखा, अरुण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय।

## अनुसुची ३

## कार्यविधिको दफा १५ सँग सम्बन्धित

विषयः तह मिलान गरिएको सम्बन्धमा।

महाशय,

तपाईँलाई कोशी प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८(१७) र दफा २६(३) तथा यस अरुण गाउँपालिकाको गाउँ सभाबाट मिति................गते पास भएको अरुण गाउँपालिकाको कर्मचारीहरुको तह वृद्धि तथा तह मिलान गर्ने सम्बन्धी कार्यविधि-२०८१ को दफा १५ अनुसार मिति........................... देखि जेष्ठता लागू हुने गरी सातौँ तहमा तह मिलान गरिएको छ।

अधिकृत सातौँ तहमा तह मिलान हुनु भएकोमा हार्दिक बधाई छ।

तपसिलः

| कर्मचारीको छैटौँ तहको विवरण | कर्मचारी तह मिलान भएको विवरण |
|---|---|
| पदः अधिकृत | पदः अधिकृत |
| तहः अधिकृत छैटौँ | तहः अधिकृत सातौँ |
| सेवाः प्रशासन | सेवाः प्रशासन |
| समुहः सामान्य प्रशासन | समुहः सामान्य प्रशासन |
| कार्यरत कार्यालयः अरुण गाउँपालिकाको कार्याल प्याउली, भोजपुर | कार्यरत कार्यालयः अरुण गाउँपालिकाको कार्यालय प्याउली, भोजपुर |
| छैटौं तहमा सुरु नियुक्ति मितिः................ | सातौं तहमा जेष्ठता लागू हुने मितिः.............. |

श्री .................................

.....................

**बोधार्थ**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौँ।

श्री लोकसेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौँ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालत, कोशी प्रदेश बिराटनगर मोरङ ।

श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ।

श्री प्रदेश किताबखाना, विराटनगर, मोरङ।

श्री नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाडौँ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी।

श्री कर्मचारी संचयकोष, बिराटनगर, मोरङ।

श्री आर्थिक प्रशासन शाखा, अरुण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय।

**आज्ञाले**

**अग्नी प्रसाद पराजुली**

**प्रमुख प्रशासकीय अधिकृत**